"लघुबीमा"

हाते पुस्तिका

(नेपाल बीमा प्राधिकरण)

पो.ब.नं.: २१७२, ललितपुर–१०, कुपण्डोल, नेपाल
फोनः ०१–५४२१०७९, ५४२८६०४
फ्याक्सः ०१–५४२०११९, टोल फ्रि नं.: १६६०–०१–५६७८९
इमेलः info@nia.gov.np, वेबसाइटः www.nia.gov.np

लघुबीमा
हाते पुस्तिका

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(लघुबीमा सम्बन्धी चेतनाका लागि नेपाल बीमा प्राधिकरणबाट प्रकाशित)

चैत्र, २०८०
कुपण्डोल, ललितपुर

प्रकाशक	:	**नेपाल बीमा प्राधिकरण**
		ललितपुर, कुपण्डोल, नेपाल
फोन नं.	:	०१–५४३१०७९, ५४३८७४३
फ्याक्स	:	०१–५४२०११९
सर्वाधिकार	:	प्रकाशकमा सुरक्षित
प्रति	:	.... प्रति

विषयसूची

बिषय		पृष्ठ सं.
१.	बीमाको परिचय	१
२.	बीमाको आवश्यकता र महत्व	१
३.	नेपाल बीमा प्राधिकरणको परिचय	१
४.	लघुबीमाको प्रकार	२
५.	लघुबीमाको परिचय	२
६.	लघुबीमाका मुख्य बिशेषता	२
७.	लघुबीमाको महत्व	३
८.	लघुबीमाको प्रकार	४
९.	लघुबीमा खरीद गर्दा ध्यान दिनुपर्ने कुराहरू	७
१०.	लघुबीमालेख खरिद प्रक्रिया	८
११.	लघुबीमालेख	१३
१२.	लघु बीमा दावी गर्दा ध्यान दिनुपर्ने कुराहरू	१३
१३.	लघु बीमा दावी प्रक्रिया	१४
१४.	दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजात	१५
१५.	लघुबीमा सम्बन्धी नीतिगत तथा कानूनी ब्यवस्था	१६
१६.	बीमा ऐन, २०७९ मा भएका लघुबीमालाई लक्षित व्यवस्थाहरु	१६
१७.	लघुबीमा अभिकर्ता सम्बन्धी व्यवस्था	१७
१८.	लघुबीमालेखहरुको सारांश	१९
१९.	उजुरी गर्न सकिने	२४
२०.	बारम्बार सोधिने प्रश्नहरु (FAQs)	३०
२१.	लघुबीमा निर्देशन, २०७९	३२

१. बीमाको परिचय

मानव जीवनमा विपत्ति र जोखिमका अनेकौँ सम्भावनाहरु व्याप्त हुन्छन् । त्यस्ता जोखिमबाट हुन सक्ने वित्तीय नोक्सानीको रक्षावरणको लागि बीमितले आफ्नो जीवन, सम्पति वा दायित्वमा पर्न सक्ने जोखिमको आर्थिक भार बीमकलाई हस्तान्तरण गर्ने प्रक्रिया नै बीमा हो ।

२. बीमाको आवश्यकता र महत्व

३. नेपाल बीमा प्राधिकरणको परिचय

बीमा प्रणाली तथा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई त्यसको विकास गर्न, बीमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन एवम् बीमा व्यवसायको प्रभावकारी नियमन गरी बीमितको हक हित संरक्षण गर्नका लागि बीमा ऐन, २०७९ बमोजिम स्थापित नेपालको बीमा क्षेत्रको नियमनकारी निकायको रुपमा नेपाल बीमा प्राधिकरण रहेको छ ।

४. बीमाको प्रकार

जीवन बीमा	कुनै व्यक्ति वा समूहको जीवनको बीमा
निर्जीवन बीमा	कुनै सम्पत्ति वा वस्तुको बीमा
पुनर्बीमा	बीमाको पनि पुनः बीमा
लघुबीमा	न्यून आय भएका वर्गलाई लक्षित गरी गरिने बीमा

५. लघुबीमाको परिचय

- आर्थिक रुपले पिछडिएका विपन्न तथा न्यून आय भएका सीमान्तकृत समुदायका लागि गरिने बीमालाई लघुबीमा भनिन्छ।
- अन्तर्राष्ट्रिय बीमा नियमनकारी निकायहरुको छाता संगठन, International Association of Insurance Supervisors (IAIS)ले लघुबीमालाई "कम आय भएका व्यक्ती वा समुदायलाई रक्षावरण प्रदान गर्ने, कम बीमाशुल्क हुने साथै सानो बीमाङ्क रकमहरु प्राप्त हुने र सीमित स्रोतहरु भएकाहरुका लागि सरलिकृत प्रक्रियाहरु रहेको बीमा, लघुबीमा हो" भनी परिभाषित गरेको छ।

६. लघुबीमाका मुख्य बिशेषता

- सामुहिक लघुबीमालेख जारी गर्न सकिने,

- सरल र सहज पहुँच हुने,
- बीमा दावी प्रक्रिया सरल र छोटो हुने,
- थौरै बचतले बीमाशुल्क तिर्न पुग्ने,
- रक्षावरण धेरै अपवाद थोरै हुने,
- थोरै बीमाशुल्कमा धेरै रक्षावरण समेटीएको हुने,
- कम बीमाङ्क कायम गरी बीमा गर्न सकिने।
- सरल शब्दावली तथा थोरै शर्तको आधारमा गरिने बीमा।
- लक्षित वर्गलाई आइपर्न सक्ने जोखिमहरुको रक्षावरण प्रदान गर्दछ।

७. लघुबीमाको महत्व

- न्यून आय भएका तथा पिछडिएका सीमान्तकृत वर्गको जीवन तथा सम्पत्तिको जोखिमविरुद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ।
- बचत र वित्तीय सुरक्षाको आधार प्रदान गर्दछ।
- स्वास्थ्य, शिक्षा लगायत आवश्यक सेवामा पहुँच बिस्तार गर्न सहयोगी हुन्छ।
- बाढी पहिरो, प्राकृतिक प्रकोप, रोगव्याधीबाट जनधनमा हुने क्षतिको क्षतिपूर्ति गर्दा सरकारले व्यहार्नुपर्ने आर्थिक भारलाई न्यूनिकरण गर्दछ।
- साना व्यापार तथा व्यवसाय निरन्तरताको लागि आधार प्रदान गर्दछ।
- लघुबीमकहरुले प्रयोगमा ल्याएका Digital App बाट बीमा सम्बन्धी सम्पूर्ण कार्य गर्न सकिने हुन्छ।
- बीमाको दायरा बिस्तार गरी बीमामा समावेशिता कायम गराउँदछ।

८. लघुबीमाको प्रकार

लघु बीमा दुई प्रकारको हुन्छ:

१. लघु जीवन बीमा

२. लघु निर्जीवन बीमा

१. लघु जीवन बीमा : आर्थिक रुपले विपन्न तथा पिछडिएका क्षेत्रका वा सिमान्तकृत समुदायका लागि थोरै बीमाशुल्कमा जीवनमा आइपर्ने जोखिम विरुद्ध गरिने बीमालाई लघु जीवन बीमा भनिन्छ।

यस अन्तर्गत म्यादी लघु जीवन बीमा, सावधिक लघु जीवन बीमा र आजीवन लघु जीवन बीमा पर्दछन्।

क. म्यादी लघु जीवन बीमा

- बीमा अवधिभित्र बीमितको मृत्यु भएमा निजको हकवालालाई बीमा वापतको रकम प्रदान गर्ने गरी सीमित अवधिको लागि गरिने बीमालाई लघु म्यादी जीवन बीमा भनिन्छ।

- यस्तो बीमा गरिएको अवधिभित्र बीमालेखमा उल्लेखित घटना नघटेमा उक्त अवधि पश्चात कुनै पनि रकम बीमितले पाउँदैन।
- यसमा सुरक्षाको तत्व मात्र समावेश हुन्छ, लगानी वा बचत हुँदैन।
- रक्षावरण निरन्तरताकोलागि नविकरण बीमाशुल्क भुक्तानी गरी बीमालेखलाई सक्रिय राख्न सकिन्छ।

ख. सावधिक लघु जीवन बीमा

- बीमा अवधिको बीचमा बीमितको मृत्यु भएमा बीमितको हकवालालाई र बीमित जीवित रहेमा निजलाई बीमाङ्क तथा संकलित बोनस (लागु हुने अवस्थामा) प्रदान गर्ने गरी कुनै निश्चित अवधिसम्मको लागी गरिने बीमालाई सावधिक लघु जीवन बीमा भनिन्छ।
- बीमा अवधिभित्रै बीमितको मृत्यु भएमा बाँकी अवधिको बीमाशुल्क भुक्तान गर्नु पर्दैन।

ग. आजीवन लघु जीवन बीमा

- बीमा अवधि समाप्तीमा बीमित जीवितै रहेमा निजलाई बीमाङ्क तथा संकलित बोनस (लागु हुने अवस्थामा) प्रदान गर्ने र बीमा अवधि पश्चात बीमितको मृत्यु हुँदा बीमितको हकवालालाई बीमाङ्क रकम प्रदान गर्ने गरी बीमितको जीवनभरीकोलागि गरिएको बीमालाई आजीवन लघुजीवनबीमा भनिन्छ।
- बीमा अवधिभित्रै बीमितको मृत्यु भएमा बाँकी अवधिको बीमाशुल्क भुक्तान गर्नु पर्दैन।
- तोकिएको बीमा अवधिसम्म मात्र बीमाशुल्क भुक्तान गर्नु पर्नेछ।
- परिवारको मूल सदस्य बीमित भएको अवस्थामा उसको मृत्युपश्चात परिवारको आश्रीत सदस्यहरुलाई आर्थीक समस्या नआओस् भन्नाको लागि यस प्रकारको बीमा गरिन्छ।

घ. अन्य लघु जीवन बीमा

- नेपाल बीमा प्राधिकरणबाट जारी स्तरीकृत बीमालेख र
- बीमकले आफ्नो आवश्यकता बमोजिम नेपाल बीमा प्राधिकरणबाट स्वीकृती लिई जारी गरिने लघुबीमाहरु यस अन्तर्गत पर्दछन्।

२. लघु निर्जीवन बीमा: लघुजीवनबीमा बाहेकको सम्पत्ति तथा दायित्व सम्बन्धी जोखिम विरुद्ध गरिने बीमालाई निर्जीवन बीमा भनिन्छ ।

क. घर, सम्पती तथा व्यवसाय लघुबीमा

- घर, सम्पती तथा व्यवसायमा भबिष्यमा हुन सक्ने हानी नोक्सानीको क्षतिपूर्तिको लागि गरिने बीमालाई घर, सम्पती तथा व्यवसाय लघुबीमा भनिन्छ ।

ख. मोटर लघुबीमा

- कुनै दुर्घटना चोरी वा अन्य घटनाबाट मोटर गाडी वा तेस्रोपक्षलाई हुने हानी नोक्सानीको क्षतीपूर्तिको लागि गरिने बीमालाई मोटर बीमा भनिन्छ ।

- नेपालमा मोटर बीमा अन्तर्गत तेस्रो पक्ष दायित्व बीमा अनिवार्य गरिएको छ ।
- मोटर बीमादर (सम्बन्धी) निर्देशिका,२०७३ बमोजिम लघु बीमकहरुले मोटर बीमा गर्न सक्ने व्यवस्था गरिएको छ ।
- मोटर बीमा प्रयोजनको लागी मोटरलाई निजी सवारी, व्यवसायिक सवारी र अन्य सवारी गरि ३ भागमा बिभाजन गरिएको छ ।

ग. इन्जिनियरिङ्ग लघुबीमा:

- उद्योग कलकारखाना परियोजनाहरुमा जडान गरेका यन्त्र, उपकरण, औजार, प्लान्ट, मेशिनरी सामग्री आदि क्षतिग्रस्त भई उत्पन्न हुने

क्षति विरुद्ध निश्चित बीमाङ्क सम्म गरिने बीमालाई इन्जिनियरिङ्ग बीमा भनिन्छ ।

घ. दायित्व तथा मौद्रिक क्षति लघुबीमा

- विशेष घटनाको कारणले वित्तीय हानी बिरुद्ध सुरक्षा गर्न गरिने बीमालाई दायित्व तथा मौद्रिक क्षति बीमा भनिन्छ ।

ङ. अन्य लघु निर्जीवन बीमा

- नेपाल बीमा प्राधिकरणबाट जारी स्तरीकृत बीमालेख र
- बीमकले आफ्नो व्यवसाय विस्तारको सिलसिलामा आवश्यकता अनुसार नेपाल बीमा प्राधिकरणबाट स्वीकृती लिई जारी गरिने लघुबीमाहरु यस अन्तर्गत पर्दछन् ।

९. लघु बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू

- नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त आधिकारिक व्यक्ति तथा संस्था मार्फत मात्र बीमा गर्नुपर्छ ।
- बीमा कम्पनीको बारेमा राम्रोसंग बुझेर तथा सम्पूर्ण शर्त एवं सुविधाबारे जानकारी लिएर मात्र बीमा गर्नुपर्दछ ।
- बीमितले आफ्नो आवश्यकता, पेशा, व्यवसाय एवं आम्दानीको स्रोत समेतलाई मध्यनजर गरी बीमा गर्नुपर्दछ ।
- बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वयंले वा भर्न नसक्ने भएमा

निजले तोकेको व्यक्तिले सम्पूर्ण विवरणहरू स्पष्टसंग खुलाई प्रस्ताव फाराम भर्नुपर्नेछ ।

- बीमितले बीमाशुल्क बुझाएपछि बीमालेखसँग सम्बन्धित आधिकारिक भर्पाइ वा रसिद, बीमालेख तथा सम्पूर्ण कागजातहरू सुरक्षित राख्नुपर्दछ ।
- बीमा गरिसकेपछि आफूले बीमा गरेको बारेमा परिवारका सदस्य तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराउनु पर्दछ ।
- बीमा मार्फत जोखिम रक्षावरण निरन्तर गर्नका लागि तोकिएको समय भित्र बीमाशुल्क तिरी बीमालेख नवीकरण गर्नुपर्छ ।

१०. लघु बीमा लेख खरिद प्रक्रिया

- अभिकर्ताको प्रयोग गरी वा प्रत्यक्ष रुपमा कम्पनी मार्फत लघु बीमालेख खरीद गर्दाको प्रक्रिया:

कम्पनी मार्फत

पहिलो चरण: आफूलाई पायक पर्ने बीमकको केन्द्रिय, क्षेत्रीय शाखा, उपशाखा वा सम्पर्क कार्यालयसँग सम्पर्क गरी लघु बीमा योजनाहरुको सम्पूर्ण जानकारी लिन र आफुले लिन चाहेको बीमा योजना छनोट गर्न सकिनेछ ।

दोस्रो चरण: बीमा योजना छनोट गरे पश्चात कम्पनीले फाराम उपलब्ध गराउने छ र उक्त फाराम तथा आवश्यक कागजात पेश गरी बीमालेख खरिदको लागि प्रस्ताव गर्न सकिनेछ ।

तेस्रो चरण : प्राप्त प्रस्ताव उपर बीमकले जाँचबुझ गरी सो प्रस्तावलाई स्वीकार अथवा उचित कारण खुलाई अस्वीकार गर्न सक्नेछ।

अन्तिम चरण : प्रस्ताव स्वीकार भए पश्चात सम्बन्धित बीमकले बीमाशुल्क गणना गर्नेछ र पुरा बीमाशुल्क प्राप्त गरे पश्चात बीमकले बीमालेख जारी गरि प्रदान गर्नेछ।

अभिकर्ता मार्फत

पहिलो चरण: आधिकारिक अभिकर्तासँग सम्पर्क गरी बीमा योजनाहरुको सम्पूर्ण जानकारी लिन र आफुले लिन चाहेको बीमा योजना छनौट गर्न सकिनेछ।

दोस्रो चरण: बीमा योजना छनोट गरे पश्चात अभिकर्ताले आवश्यक फाराम उपलब्ध गराउनेछ। उक्त फाराम र आवश्यक कागजात पेश गरी बीमालेख खरिदको लागि प्रस्ताव गर्न सकिनेछ।

तेस्रो चरण : आवश्यक कागजातहरु अभिकर्ताले बीमकमा पेश गर्नेछ र प्राप्त प्रस्ताव उपर बीमकले जाँचबुझ गरी सो प्रस्तावलाई स्वीकार अथवा उचित कारण खुलाई अस्वीकार गर्न सक्नेछ।

अन्तिम चरण : प्रस्ताव स्वीकार भए पश्चात सम्बन्धित बीमकले बीमाशुल्क गणना गर्नेछ र ग्राहक वा अभिकर्ता मार्फत पुरा बीमाशुल्क प्राप्त गरे पश्चात बीमकले बीमालेख जारी गरि प्रदान गर्नेछ।

अनलाइन माध्यमबाट

मोबाइल application तथा बीमकको Website मा पहिलो पटक दर्ता गर्ने प्रक्रिया

Play-store प्रयोग गरी बीमकको application download गर्ने

↓

App download गरिसकेपछि app खोल्ने र Log in Now बटनमा क्लिक गर्ने र Register now मा क्लिक गर्ने

↓

फिल्डमा मोबाइल नम्बर प्रविष्ट गर्ने

↓

तपाइको मोबाइल नम्बर प्रविष्ट गरिसकेपछि प्रदान गरिएको मोबाइल नम्बरमा ६ अंकको verification code आउँछ

६ अंकको verification code प्रविष्टि गर्ने

↓

ग्राहक पहिचान विवरण (KYC) भर्ने

↓

तपाईको नाम साथै अन्य आवश्यक जानकारी जस्तै: तपाइको दर्ता विवरण प्रदान गर्ने

↓

सुरक्षित पासवर्ड प्रविष्ट गर्ने र पासवर्ड पुन: टाइप गरेर पासवर्ड पुष्टि गर्ने

↓

पासवर्ड टाइप गरेपछि submit बटनमा क्लिक गर्ने

मोबाइल application/Websiteमार्फत policy खरिद प्रक्रिया

बीमकको application/website खोली Login now मा click गर्ने

↓

बीमितको phone number र password प्रविष्टि गर्ने

↓

दिएको बिकल्पहरुबाट product रोज्ने

↓

produt छनोट गरेपछि "BUY" मा click गर्ने

↓

सबै आवश्यक जानकारी भर्ने

↓

सबै जानकारी प्रदान गरिसकेपछि Submit बटनमा क्लिक गर्ने

↓

प्रिमियम भुक्तानीका लागि सूचीबद्ध बिकल्पहरुबाट भुक्तानी गेटवे रोज्ने

↓

चयन गरिएको भुक्तानी गेटवेमा login गर्ने र टोकन प्रमाणिकरण आदि सहित आवश्यक प्रक्रियाहरु पूरा गर्ने

↓

अन्तमा transaction पुरा गर्न Make Payment मा click गर्ने

११. लघु बीमालेख

'लघु बीमालेख' भन्नाले लघु बीमाको शर्त बन्देज सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको बीमक र बीमितबीचको लिखित करारलाई बुझिन्छ ।

१२. लघु बीमा दावी गर्दा ध्यान दिनुपर्ने कुराहरू

- कुनै हानी वा नोक्सानीको अवस्था सृजना भई बीमा दावी गर्नुपर्दा बीमित स्वयंले, टेलिफोन, एसएमएस, इमेल तथा जुनसुकै माध्यमबाट बीमकलाई तुरून्तै खबर गर्नुपर्छ ।
- बीमाको आंशिक दावी गर्दा छायाँप्रति र पूर्ण दावी गर्दा सक्कल बीमालेख बीमकलाई पेश गर्नुपर्छ ।
- बीमा दावी फाराम भरी दावी सम्बन्धी सम्पूर्ण विवरण पेश गर्नुपर्छ ।
- जीवन बीमाको हकमा बीमा अवधि अगाबै बीमितको मृत्यु भएमा निजको हकवालाले नाता प्रमाणपत्र, बीमितको मृत्यु प्रमाणपत्र तथा दुर्घटनाबाट मृत्यु भएको भए प्रहरी प्रतिवेदन तथा चिकित्सकद्वारा गरिएको शव परीक्षण प्रतिवेदन र आवश्यकता अनुसार माग गरिएको कागजात तथा प्रमाण पेश गर्नुपर्छ ।
- निर्जीवन बीमाको हकमा बीमालेखमा उल्लेख भए बमोजिमको प्रक्रिया पूरा गरी कागजातहरू पेश गर्नुपर्छ ।
- नेपाल बीमा प्राधिकरणबाट तोकिदिएका अन्य आवश्यक विवरणहरू पेश गर्नुपर्छ ।

१३. लघु बीमा दावी प्रक्रिया:

कम्पनी मार्फत

पहिलो चरण : आफुलाई पायक पर्ने बीमा कम्पनीको केन्द्रिय, क्षेत्रीय शाखा, उपशाखा वा सम्पर्क कार्यालयसँग जुनसुकै माध्यमबाट सम्पर्क गरी दावी सम्बन्धी जानकारी दिन सकिनेछ।

दोश्रो चरण : दावी प्रक्रिया अगाडी बढाउनको लागी बीमकले उपलब्ध गराएको फाराम भरि आवश्यक कागजात सहित दावी गर्न सकिनेछ।

अन्तिम चरण: दावी भुक्तानी दिन मिल्ने देखिएमा बीमकले आवश्यक छानबिन गरी क्षति रकम तथा बीमाङ्कको सीमा भित्र रहि दावी रकम भुक्तानी गर्नेछ।

बीमकको वेवसाइट मार्फत

➢ बीमकको वेवसाइटबाट दावी सम्बन्धी आवश्यक फाराम तथा विवरण भरी देहाय बमोजिमको प्रक्रिया पुरा गरेर बीमा दावी गर्न सकिनेछ।

- बीमकको वेब साइटमा जाने
- Claim Tab मा क्लिक गर्ने
- Claim File रोज्ने
- दर्ता विवरण Section मा बीमालेख नं. र जीवन बीमाको हकमा जन्म मिति समेत राख्ने
- दर्ता विवरण (दावीको प्रकार, दावीको कारण, दावीको मिति)
- दावीकर्ता विवरण (दावेदारको नाम, सम्बन्ध, सम्पर्क विवरण)
- कागजात अपलोड (आवश्यक कागजातहरू अपलोड गर्ने)

- Claim आईडी प्रदर्शित हुनेछ र भविष्यको लागि Claim आईडी सुरक्षित राख्नुपर्नेछ
- दावी ट्र्याक गर्न, वेबसाइटमा प्रदान गरिएको ट्र्याक दावी सेक्सनमा क्लिक गर्ने
- पोलिसी नम्बर र दावी नं. प्रविस्टि गराउने
- दावीको अवस्था (यदि कुनै छ भने) दिइएको खण्डमा देखाइनेछ
- बीमकले दावी भुक्तानी दिन मिल्ने देखिएमा सम्बन्धित दावीकर्तालाई दावी रकम भुक्तानी गर्नेछ ।
- दावी भुक्तानी दिन नमिल्ने देखिएमा बीमकले बीमितलाई कारण खुलाइ लिखित जानकारी दिनुपर्ने हुन्छ ।

१४. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातः

दावी भुक्तानी प्रक्रियाको लागि बीमितले बीमक समक्ष देहाय बमोजिमका आवश्यक कागजातहरू पेश गर्नु पर्नेछः-

- पूर्ण रूपले भरिएको बीमा दावी फाराम
- पूर्ण दावीको हकमा बीमालेखको सक्कल प्रति तथा आंशिक दावीको हकमा बीमालेखको छाँया प्रति
- क्षति भएको प्रमाण
- आपराधिक घटना घटेको भए प्रहरी प्रतिवेदन
- निर्जीवन बीमाको हकमा सामूहिक जमानी गरिएको कागजात
- जीवन बीमाको हकमा नाता प्रमाणित पत्र तथा मृत्यु प्रमाणपत्र

१५. लघुबीमा सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

- नेपाल सरकारको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा लघु बीमालाई न्यून आय भएका वर्ग र समुदायलाई स्थानीय तहमार्फत लघु बीमा सेवा पुर्याउने उल्लेख भएको,
- पन्ध्रौ योजनाले बीमाका दायरा खुकुलो पार्दै ग्रामीण क्षेत्र, न्यून आय र बिपन्न वर्ग लगायत आम नेपालीको पहुँचमा लघुबीमा योजनाको माध्यमबाट बीमाको सेवा पुर्याउने लक्ष्य लिएको,
- श्रम ऐन, २०७४ मा हरेक श्रमजीवी नागरिकहरुलाई जीवन बीमा मार्फत आर्थीक सुरक्षण सुनिश्चित गर्ने उल्लेख भएको।
- नेपाल बीमा प्राधिकरणले आम नेपालीलाई बीमाको दायरा भित्रल्याई नेपाल सरकारले लिएको लक्ष्य पुरा गर्न लघु बीमा निर्देशन, २०७९ जारी गरेको छ।

१६. बीमा ऐन, २०७९ मा भएका लघुबीमालाई लक्षित व्यवस्थाहरु

- प्रत्येक बीमकले न्यून आय भएका वर्ग तथा पिछडिएको क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्नु पर्ने।
- लघुजीवनबीमा वा लघु निर्जीवन बीमा व्यवसाय मात्र गर्ने उद्देश्यले बीमा कम्पनी स्थापना गर्न सकिने।
- लघु बीमकको पूँजी तोकिए बमोजिम हुने तथा स्थापना र इजाजतपत्र सम्बन्धी व्यवस्था ऐन बमोजिम नै हुने।
- बीमकले लघुबीमा सम्बन्धी कार्य गर्ने बीमा अभिकर्ता नियुक्ति गर्नु अघि त्यस्तो बीमा अभिकर्तासँग लिखित सम्झौता गर्नु पर्ने।

१७. लघुबीमा अभिकर्ता सम्बन्धी व्यवस्था

- लघुबीमा अभिकर्ता" भन्नाले लघु बीमालेख बिक्री बितरण गर्न बीमकको तर्फबाट भूमिका निर्वाह गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनुपर्छ।
- बीमकले प्रत्यक्ष वा लघुबीमा अभिकर्ता मार्फत लघुबीमा गराउन सक्नेछ।
- लघुबीमा सम्बन्धी कार्य गर्नको लागि प्राधिकरणबाट लघुबीमा अभिकर्ताको इजाजतपत्र लिएको हुनुपर्नेछ।

लघुबीमा अभिकर्ताको प्रकार

(क) व्यक्तिगत लघुबीमा अभिकर्ता: नेपाल बीमा प्राधिकरण बाट अभिकर्ताको इजाजत पत्र लिएको व्यक्ति लघुबीमा अभिकर्ता भइ कायृ गर्न सक्ने छ।

(ख) संस्थागत लघुबीमा अभिकर्ता: गैर सरकारी संस्था, स्वावलम्वन समूह , लघुवित्त वित्तीय संस्था, सहकारी संस्था तथा कानून बमोजिम दर्ता भएको अन्य संगठित संस्थाले संस्थागत लघुबीमा अभिकर्ताको रूपमा कार्य गर्न सक्नेछन्।

लघुबीमा अभिकर्ताको काम, कर्तव्य

- बीमितलाई बीमकको तर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराउने,
- लघुबीमा प्रस्ताव फाराम भराउने तथा प्रस्ताव फाराम संकलन गरी बीमक समक्ष बुझाउने
- बीमितले प्रस्ताव फाराम तथा स्वास्थ्य सम्बन्धी विवरण सही साँचो उल्लेख गरेको कुरा स्वघोषणा गरी लिने र त्यसरी उल्लेख गरेका कुराहरू सहि भए नभएको यकिन गरी सहि साँचो भएमा आफूले समेत स्वघोषणा गर्ने
- बीमितको आम्दानीको स्रोत उपयुक्त भए नभएको यकिन गर्ने
- बीमाशुल्क संकलन गरी बीमकलाई भुक्तानी गर्ने
- बीमितलाई लघुबीमालेख उपलब्ध गराउने
- आवश्यकता अनुसार बीमालेख नवीकरण गराउन सहयोग गर्ने
- बीमा दावी पर्दाका बखत बीमितलाई दावी भुक्तानी लिन सहयोग पुर्‍याउने
- लघुबीमा सम्बन्धमा प्राधिकरणले तोकिदिएका अन्य कार्य गर्ने गराउने

१८. लघु बीमा लेखहरुको सारांश

➢ लघु निर्जीवन बीमालेखहरु

क्र.सं.	बीमालेख	बीमादर	रक्षावरण तथा लाभ	अपवादहरु
१.	सम्पत्ति लघुबीमालेख	१ रुपैंया ५० पैसा प्रतिहजार	बीमा गरिएको सम्पत्ति र सम्पत्ति अन्तर्गतका सामग्रीहरुको सबै जोखिमबाट रक्षावरण हुने ।	(क) यन्त्र उपकरणको टुटफुट, उच्च भोलटेजको कारण विद्युतिय उपकरणको क्षति, तापक्रम परिवर्तन वा विस्फोटनले भएको क्षति, (ख) बीमितको लापरबाही, लागू औषधिको प्रयोग, अपराधिक क्रियाकलाप, आत्महत्या तथा आत्महत्याको प्रयास र चोरीको कारणले भएको क्षति, (ग) बीमितको आम्दानीमा आएको कमी वा अन्य अप्रत्यक्ष क्षति, (घ) रासायनिक, जैविक तथा आणविक हतियार, युद्ध आदिको कारणले भएको क्षति, (ङ) सार्वजनिक निकायले नष्ट वा जफत गर्दा भएको क्षति ।

क्र.सं.	बीमालेख	बीमादर	रक्षावरण तथा लाभ	अपवादहरु
२.	घर लघुबीमालेख	५० पैसा प्रतिहजार	(१) बीमा अवधि भित्र बीमा गरिएको घर र घर अन्तर्गत रहेको चल अचल सम्पत्तिमा भएको क्षति (२) क्षति हुँदाका बखत घर परिसरमा भएका बढीमा पाँच जनासम्म परिवारका सदस्यको मृत्यु वा स्थायी पूर्ण अशक्त भएमा प्रति व्यक्ति एक लाख रूपैंया प्रदान गरिनेछ।	(क) बीमितको लापरबाही, लागू औषधको प्रयोग, अपराधिक क्रियाकलाप, आत्महत्या, आत्महत्याको प्रयास र चोरीको कारणले भएको क्षति, (ख) बीमितको आम्दानीमा आएको कमी वा अन्य अप्रत्यक्ष क्षति, (ग) रासायनिक, जैविक तथा आणविक हतियार, युद्ध आदिको कारणले भएको क्षति, (घ) सार्वजनिक निकायले नष्ट वा जफत गर्दा भएको क्षति।
३.	सेँधमारी लघुबीमालेख	५० पैसा प्रतिहजार	बीमा अवधि भित्र बीमा गरिएको सम्पत्तिको सेँधमारी वा हतियार सहित भएको डकैतीका कारणले पूर्ण वा आंशिक रुपमा क्षति भएमा बीमाङ्क तथा बीमालेखको शर्तहरुको अधिनमा रही बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ।	(क) कुनै पनि कारणले भएको आगलागी वा विष्फोटनबाट भएको क्षति, (ख) बीमित, बीमितको परिवारको सदस्य वा बीमितको लागि कार्य गर्नेहरुको संलग्नता रहेको वा जानाजान वा लापरवाहीको कारणले भएको क्षति, (ग) सेँधमारी वा हतियार सहित भएको डकैतीका कारणबाट उत्पन्न भएको अप्रत्यक्ष क्षति, (घ) दैवी प्रकोप, आतंकवादी क्रियाकलाप, युद्ध, आक्रमण, शत्रुता, युद्धजन्य कार्य, विद्रोह, दंगा, हडताल, क्रान्ति लगायतका कारणबाट उत्पन्न भएको क्षति, (ङ) सार्वजनिक निकायले सम्पत्ति नष्ट वा जफत गर्दा भएको क्षति।

क्र.सं.	बीमालेख	बीमादर	रक्षावरण तथा लाभ	अपवादहरु
४.	दुर्घटना लघुबीमालेख	७५ पैसा प्रतिहजार	(१) मृत्यु भएमा बीमाङ्क रकम र काज किरिया खर्च बापत बीमाङ्कको १० प्रतिशत वा रु दश हजार रुपैँया मध्ये जुन बढी हुन्छ सो रकम । (२) देहाय बमोजिम स्थायी पूर्ण अशक्त भएमाः (क) कुनै एउटा हात वा कुनै एउटा खुट्टा वा दुवै आँखा पुनः दृष्टि नफर्कने गरी काम नलाग्ने भएमा वा पुनः श्रवणशक्ति नफर्कने गरी दुवै कान नसुन्ने भएमा वा सधैँको लागि बोल्न नसक्ने भएमा वा ठिक नहुने गरी मेरुदण्ड काम नलाग्ने भएमा वा दुर्घटनाको कारण पूर्ण अशक्त भएमा बीमाङ्कको शत प्रतिशत	(१) जानी जानी आफैंले लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासको कारणले भएको दुर्घटना, (२) मादक पदार्थ सेवन वा लागू औषधको प्रयोग वा मानसिक सन्तुलन ठिक नभएको कारणले भएको दुर्घटना, (३) मानव जीवन रक्षा गर्दा बाहेक नचाहिदो खतरा मोल्दा, जोखिमपूर्ण खेलकुद वा क्रियाकलापमा संलग्न भएमा वा अपराधिक कार्य गर्दा भएको दुर्घटना,

क्र.सं.	बीमालेख	बीमादर	रक्षावरण तथा लाभ	अपवादहरु
			(ख) एउटा आँखा पुनः दृष्टि नफर्कने गरी काम नलाग्ने भएमा वा पुनः श्रवणशक्ति नफर्कने गरी एउटा कान नसुन्ने भएमा बीमाङ्कको पचास प्रतिशत (ग) हात वा खुट्टाको औंला काम नलाग्ने भएमा प्रति औंला बीमाङ्कको बीस प्रतिशत (घ) शरिरको अन्य कुनै अंगमा क्षति भई काम नलाग्ने भएमा चिकित्सकको सिफारिस बमोजिम बीमाङ्कको दश प्रतिशत (३) औषधी उपचार गर्दा खर्च भएको रकम बीमाङ्क वा एक लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सो को सिमा भित्र रही बिल बमोजिम।	

➢ बीमकले आफ्नो आवश्यकता बमोजिम नेपाल बीमा प्राधिकरणबाट बीमालेखको बीमादर, रक्षावरण तथा लाभ र बीमा अवधि स्वीकृती लिई लघुजीवन बीमा जारी गर्न सक्दछ ।

लघुजीवन बीमालेखका सामान्य अपवादहरु

- मान्यता प्राप्त हवाई सेवाद्धारा संचालित नियमित मार्गमा भाडा तिरी यात्रु भई उडान गर्दा बाहेक अन्य उडान गर्दा,
- कानूनको बर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य(युद्ध घोषित होस् वा नहोस), सैन्य विद्रोह, हुलदुङ्गा, हड्ताल, आतङ्ककारी गतिविधि वा यस्तै प्रकृतिका अन्य कार्यमा संलग्न हुँदा,
- मुलुकी अपराध संहिता, २०७४ विपरीतको फौजदारी कसूर गरेमा,
- बीमालेख उपर कानुनी हकवालाद्धारा बीमितको हत्या गरेमा,
- बीमालेख जारी भएको मितिबाट २ वर्ष भित्र बीमितले आत्महत्या गरेमा,
- बीमितले जमिन, वायु वा जलमा हुने होडवाजी, दौड, प्रतिस्पर्धा, प्रतियोगितामा भाग लिदा वा पर्वतारोहण, Pot Holding, Paragliding, Bungee Jumping, Parachuting, Scuba Diving जस्ता शोखसँग सम्बन्धित कुनै पनि खेलमा भाग लिदाको अवस्था ।

१९. उजुरी गर्न सकिने

- बीमकले दायित्व निर्धारण नगरेमा वा गरेतापनि बीमितलाई मर्का पर्ने गरी गरेमा बीमितले त्यसको कारण समेत खोली नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालय तथा प्राधिकरणका सम्बन्धित प्रादेशिक कार्यालयमा सम्पर्क अथवा ujuri@nia.gov.np तथा info@nia.gov.np इमेलमा मार्फत उजूरी गर्न सकिनेछ ।
- बीमा सम्बन्धी कुनै जानकारी चाहिएमा प्राधिकरणका सूचना अधिकारी र उजूरी तथा गुनासो सम्बन्धी समस्या परेमा गुनासो सुन्ने अधिकारीलाई सम्पर्क गर्न सकिनेछ ।

नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालय

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

कुपण्डोल, ललितपुर-१०, नेपाल

वेबसाइटः www.nia.gov.np

इमेल ठेगानाः info@nia.gov.np

सम्पर्क नं. ०१-५४२१०७९/०१-५४२८६०४

टोल फ्रि नं. १६६०-०१-५६७८९

पो.ब.नं. २१७२

निर्मल अधिकारी

सूचना अधिकारी (उपनिर्देशक)

मोबाइल +९७७ ९८५१३४३४३२

फोन नं. ०१-५४२१०७९/०१-५४२८६०४

इमेल : nirmal.adhikari@nia.gov.np

गुनासो सुन्ने अधिकारी

विरोध भट्ट (उपनिर्देशक कानून)

मोबाइल +९७७ ९८५१३४३४३७

फोन नं. ०१-५४२१०७९/०१-५४२८६०४

इमेल : gunaso@nia.gov.np

प्राधिकरणको प्रदेश कार्यालय सम्पर्क विवरण

कोशी प्रदेश

ठेगानाः बिराटनगर, मुनालपथ,मोरङ

इमेल ठेगानाः infokoshi@nia.gov.np

सम्पर्क नं. ०२१-५९०४०४

मधेश प्रदेश

ठेगानाः आदर्शनगर, वीरगंज

इमेल ठेगानाः infomp@nia.gov.np

सम्पर्क नं. ०५१-५९१०६२

गण्डकी प्रदेश

ठेगानाः उपकार मार्ग, अमर सिंह चोक, पोखरा

इमेल ठेगानाः infogp@nia.gov.np

सम्पर्क नं. ०६१-५३२९८५

लुम्बीनि

ठेगानाः कालिकानगर-११, वुटवल

इमेल ठेगानाः infolp@nia.gov.np

सम्पर्क नं. ०७१-५९१५०१

कर्णाली

ठेगानाः विरन्द्रनगर-८, सुर्खेत

इमेल ठेगानाः infokp@nia.gov.np

सम्पर्क नं. ०८३-५९०७४३

सुदुर पश्चिम प्रदेश

ठेगानाः धनगढी उपमहानगर-१, कैलाली

इमेल ठेगानाः infospp@nia.gov.np

सम्पर्क नं. ०९१-५९००१८

प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा कम्पनीहरु

लघु निर्जीवन बीमकहरु			
लघु बीमा कम्पनी	**ठेगाना**	**इमेल**	**सम्पर्क नम्बर**
श्री नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड	भरतपुर , चितवन	info@nepalmicro.com	०५६-४९४३२७
श्री प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड	धनगढी, कैलाली	info@protectivemicro.com	०९१-५९०७०७
स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड	जनकपुर, धनुषा	info@starmicroinsure.com	०४१-५९१४५३
ट्रष्ट माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड	वुटवल, रूपन्देही	trust.insurance@gmail.com	

लघु जीवन बीमकहरु			
लघु बीमा कम्पनी	**ठेगाना**	**इमेल**	**सम्पर्क नम्बर**
श्री गार्डियन माइक्रो लाईफ इन्स्योरेन्स लिमिटेड	बिराट्नगर , मोरङ	info@gmli.com.np	०२१-५९०९०२
श्री क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	बीरेन्द्रनगर , सुर्खेत	info@protectivemicro.com	०८-३५९०६२२
लिवर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	पोखरा, कास्की	info@libertymlife.com.np	०६१-५९१०९७

जीवन बीमा कम्पनी	ठेगाना	इमेल	सम्पर्क नम्बर
श्री राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड	रामशाहपथ, काठमाडौं।	info@rbs.gov.np	०१-४२६२५२०
श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	लाजिमपाट, काठमाडौं।	nlgilife@mail.com.np	०१-४४१४७९९
श्री नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	कमलादी, काठमाडौं।	customer.service@nepallife.com.np	०१-५९७०९७१
श्री लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड	पुतलीसडक, काठमाडौं।	liccorporate@licnepal.com.np	०१-४०१२६१३
श्री सुर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	ज्ञानेश्वर, काठमाडौं।	info@suryajyotilife.com	०१-४५४५९४१
श्री आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	लैनचौर, काठमाडौं।	info@imelifeinsur-ance.com	०१-४०२४०७१
श्री सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	पुतलीसडक, काठमाडौं।	info@snlic.com	०१-४५३६१२६
श्री सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	नयाँ बानेश्वर, काठमाडौं	info@sanimareli-ancelife.com	०१-५९७०४००
श्री रिलायवल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	ज्ञानेश्वर, काठमाडौं।	info@reliablelife.com.np	०१-४५२३६१८
श्री सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	थापाथली, काठमाडौं।	info@citizenlifenepal.com	०१-५९७०२१७
श्री प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	कमलादी, काठमाडौं।	info@pmlil.com	०१-५३५२०१२
श्री हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	मनकामना मार्ग, काठमाडौं	info@himalayanlife.com.np	०१-५९७००५७

निर्जीवन बीमा कम्पनी	ठेगाना	इमेल	सम्पर्क नम्बर
श्री नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	कमलादी, काठमाडौं।	nic@nepalinsurance.com.np	०१-४२६२५२०
श्री दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड	डिल्लिबजार, काठमाडौं।	oicnepal.info@orientalinsurance.com.in	०१-४४१४७९९
श्री नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड	त्रिपुरेश्वर, काठमाडौं।	info@nicnepal.com.np	०१-५९७०९७१
श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड	थापागाउँ, काठमाडौं।	ktm@hei.com.np	०१-४०१२६१३
श्री युनाईटेड अजोड इन्स्योरेन्स लिमिटेड	सुनधारा, काठमाडौं।	info@unitedajodinsurance.com	०१-४५४५९४१
श्री सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी(नेपाल) लिमिटेड	बबरमहल, काठमाडौं।	siddharthapremier@spil.com.np	०१-४०२४०७१
श्री नेको इन्सुरेन्स लिमिटेड	ज्ञानेश्वर, काठमाडौं।	info@neco.com.np	०१-४५३६१२६
श्री सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	भगवतीबहाल, काठमाडौं।	info@salico.com.np	०१-५९७०४००
श्री प्रभु इन्स्योरेन्स लिमिटेड	तीनकुने, काठमाडौं।	info@prabhuinsurance.com	०१-४५२३६१८
शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	थापाथली, काठमाडौं।	shikharins@mos.com.np	०१-५३४६१०१, ०१-५३४६१०२, ०१-५३४६१०७
एनएलजी इन्स्योरेन्स लिमिटेड	लाजिम्पाट, काठमाडौं।	info@nlgi.com.np	०१-४५४२६४६, ०१-४००६६४८
राष्ट्रिय बीमा कम्पनी लिमिटेड	रामशाहपथ, काठमाडौं।	info@rbcl.gov.np	०१-४२५८८६६, ४२५९३७४, ४२६०३५२, ४२१५५३६
सानिमा जिआइसि इन्सुरेन्स लिमिटेड	टङ्गाल, काठमाडौं।	info@gicnepal.com	०१-४५२७१७०, ४५२७१७१, ४५२७१७२, ४५२७१०१
आइजिआइ प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	नक्साल, काठमाडौं।	info@igiprudential.com	०१-४५११५१०

बारम्बार सोधिने प्रश्नहरु (FAQs)

१. लघुबीमा भनेको के हो ?

- आर्थिक रुपले पिछडिएका विपन्न तथा न्यून आय भएका सीमान्तकृत समुदायका लागि गरिने बीमालाई लघुबीमा भनिन्छ ।

२. लघुबीमाका लक्षित बर्ग को को हुन ?

- नेपाल राज्यका विपन्न, न्यून आय भएका वर्ग, पिछडिएका क्षेत्रका वासिन्दा तथा सीमान्तीकृत समुदाय ।

३. लघुबीमाको प्रकारहरु के के हुन ?

- लघुबीमा दुई प्रकारका छन्: लघुजीवन बीमा र लघुनिर्जीवन बीमा ।

४. लघु जीवन बीमा भनेको के हो ?

- आर्थिक रुपले विपन्न तथा पिछडिएका क्षेत्रका वा सिमान्तकृत समुदायका लागि कम बीमाङ्क कायम गरि न्यून बीमाशुल्कमा जीवनको जोखिम विरुद्ध गरिने बीमालाई लघुजीवन बीमा भनिन्छ ।

५. लघुनिर्जीवन बीमा भनेको के हो ?

- लघुजीवन बीमा बाहेकको सम्पत्ति तथा दायित्व सम्बन्धि बीमालाई लघुनिर्जीवन बीमा भनिन्छ ।

६. लघुजीवन बीमाका प्रकारहरु के के हुन ?

- म्यादी, सावधिक र आजिवन लघुजीवनबीमा

७. लघु निर्जीवन बीमाका प्रकारहरु के के हुन ?

- घर, सम्पती तथा व्यवसाय, र्दुघटना, स्वस्थ्य मोटर, इन्जिनियरिङ्ग, दायित्व तथा मौद्रिक क्षति तथा अन्य लघु निर्जीवन बीमा ।

८. परम्परागत बीमा भन्दा लघुबीमा कसरी फरक छ ?

➢ परम्परागत बीमाको तुलनामा न्यून बीमाशुल्क भुक्तानी गरी सरल शर्तहरूको आधारमा छोटो प्रक्रिया अपनाइ अधिक रक्षावरण प्रदान गर्दछ ।

९. लघुबीमा कम्पनीहरु कतिवटा रहेका छन ?

➢ ७ वटा (३ जीवन र ४ निर्जीवन)

१०.लघुबीमा को मार्फत खरीद गर्न सकिन्छ ?

➢ बीमकबाट स्वयम् आफै अथवा बीमा अभिकर्ता मार्फत ।

११.लघुबीमा खरीद गर्दा कति शुल्क लाग्दछ ?

➢ लघुबीमा निर्देशन, २०७९ तथा सम्बन्धित लघु बीमा लेखमा उल्लेख भए बमोजिम ।

१२.लघुबीमा कम्पनीहरुलाई कारोबारको लागि इजाजत दिने निकाय कुन हो ?

➢ नेपाल बीमा प्राधिकरण ।

१३.दावी भुक्तानी कसरी प्राप्त गर्न सकिन्छ ?

➢ सम्बन्धित बीमा कम्पनीमा सम्पर्क गरेर ।

१४.दावी भुक्तानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा उजुरी कहाँ दिन सकिन्छ?

➢ नेपाल बीमा प्राधिकरण समक्ष ।

लघुबीमा निर्देशन, २०७९

प्रस्तावना: लघु बीमा व्यवसायको विकास, प्रबर्द्धन तथा व्यवस्थापन गरी बीमा मार्फत न्यून आय वर्गको जीवन तथा सम्पत्तिको सुरक्षा गर्नका लागि बीमा ऐन, २०७९ को दफा १६६ को अधिकार प्रयोग गरी नेपाल बीमा प्रधिकरणले लघुबीमा निर्देशन, २०७९ बनाएको छ।

परिच्छेद -१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशनको नाम "लघुबीमा निर्देशन, २०७९" रहेको छ।

(२) यो निर्देशन तुरुन्त लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,

(क) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले बीमा नियमावली, २०४९ सम्झनुपर्छ।

(ग) "प्राधिकरण" भन्नाले नेपाल बीमा प्राधिकरण सम्झनुपर्छ।

(घ) "बीमक" भन्नाले बीमा ऐन २०७९ बमोजिम स्थापित लघुबीमा कम्पनी सम्झनुपर्छ।

(ङ) "लघुबीमा" भन्नाले न्यून आय वर्गका व्यक्तिहरुलाई लक्षित गरी यसै निर्देशन बमोजिम जारी भएका बीमा व्यवसाय सम्झनुपर्छ।

(च) "लघु जीवन बीमा" भन्नाले जीवन बीमा व्यवसाय गर्ने बीमकले जारी गर्ने लघुजीवनबीमा सम्झनुपर्छ ।

(छ) "लघु निर्जीवन बीमा" भन्नाले निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले जारी गर्ने लघु निर्जीवन बीमा सम्झनुपर्छ ।

(ज) "लघु बीमालेख" भन्नाले लघु बीमाको शर्त बन्देज सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको बीमक र बीमित बीचको लिखित करार सम्झनुपर्छ ।

(झ) "लघुबीमा अभिकर्ता" भन्नाले लघु बीमालेख बिक्री बितरण गर्न बीमकको तर्फबाट भूमिका निर्वाह गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

परिच्छेद -२

लघुबीमा व्यवसाय

३. **लघुबीमा गर्नुपर्नेः** लघु जीवन बीमा व्यवसाय गर्ने बीमकले लघु जीवन बीमा र लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले लघु निर्जीवन बीमा व्यवसाय गर्नु पर्नेछ।

४. **लघुबीमाको लक्षित बर्गः** नेपाल राज्यका गरिव, न्यून आय भएका बर्ग, पिछडिएको क्षेत्रका बासिन्दा तथा सीमान्तीकृत समुदायलाई लक्षित गरी बीमकले लघुबीमा व्यवसाय गर्नु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि गरिव, न्यून आय भएका वर्ग, पिछडिएको क्षेत्रका बासिन्दा तथा सीमान्तीकृत समुदायको अर्थ प्रचलित कानून वा सम्बन्धित निकायले गरेको ब्याख्या अनुसार हुनेछ ।

५. **लघुजीवनबीमा व्यवसायः** (१) लघु जीवन बीमा व्यवसाय अर्न्तगत बीमकले देहायको मध्ये एक वा एक भन्दा बढी प्रकारका बीमा व्यवसाय गर्न सक्नेछः

(क) आजीवन लघु जीवन बीमा

(ख) सावधिक लघु जीवन बीमा

(ग) म्यादी लघु जीवन बीमा

(घ) अन्य लघु जीवन बीमा

६. **लघु निर्जीवन बीमा व्यवसायः** लघु निर्जीवन बीमा व्यवसाय अर्न्तगत बीमकले देहायको मध्ये एक वा एक भन्दा बढी प्रकारका बीमा व्यवसाय गर्न सक्नेछः

(क) घर, सम्पत्ति तथा व्यवसाय लघुबीमा,

(ख) मोटर लघुबीमा,

(ग) इन्जिनियरिङ्ग लघुबीमा,

(घ) दायित्व तथा मौद्रिक क्षति लघुबीमा,

(ङ) अन्य लघु निर्जीवन बीमा।

७. **बीमा करारः** (१) बीमकले यस निर्देशन बमोजिम जारी गरेको लघुबीमालेख बीमक तथा बीमित बीचको द्विपक्षीय करार हुनेछ।

(२) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमितलाई बीमालेखको अवधि समाप्त हुन लागेको जानकारी सहितको सूचना पठाउन पर्नेछ।

(३) बीमा प्रस्ताव फाराम, बीमालेख तथा बीमालेखसङ्ग संलग्न अन्य आवश्यक कागजातलाई समग्र बीमा करारको रूपमा लिनु पर्नेछ।

८. **बीमालेखको किसिमः** (१) बीमकले देहाय बमोजिमको लघुबीमालेख जारी गर्नु पर्नेछः-

(क) बीमकले आफैं तयार पारी प्राधिकरणसङ्ग स्वीकृति लिएको बीमालेख

(ख) प्राधिकरणले जारी गरेको स्तरीकृत (Standard) बीमालेख

(२) उप निर्देशन (१) को खण्ड (ख) बमोजिम लघुबीमालेख सम्बन्धमा प्राधिकरणले स्तरीकृत बीमालेख तयार तथा संशोधन गरी प्राधिकरण समक्ष सिफारिस गर्नका लागि प्राधिकरणको अध्यक्षको संयोजकत्वमा, प्राधिकरणका कार्यकारी निर्देशक सदस्य, नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागको कार्यकारी निर्देशक, लघुवित्तको तर्फबाट प्रतिनिधि सदस्य, लघुबीमा कम्पनीको प्रतिनिधि (जीवन बीमाको हकमा लघुजीवन बीमकको प्रतिनिधि, निर्जीवन बीमकको हकमा लघुनिर्जीवन बीमकको प्रतिनिधि) सदस्य तथा प्राधिकरणको लघुबीमा विभागको निर्देशक सदस्य सचिव रहने गरी एक उप समिति रहनेछ।

(३) बीमकले बीमालेख जारी गर्नु अगावै बीमालेख जारी गर्नको लागि आवश्यक सम्पूर्ण विवरण हेरी जाँची बीमा गर्नु पर्नेछ।

९. **बीमालेखको अवधिः** (१) जीवन लघुबीमालेखको हकमा एक वर्ष वा सो भन्दा बढी अवधिको र निर्जीवन लघुबीमालेखको हकमा एक वर्ष वा सो भन्दा कम अवधिको लागि मात्र जारी गर्न सकिनेछ।

(२) लघु बीमा लेख जारी गर्दा जारी भएको समय तथा जोखिम प्रारम्भ भएको मिति र समय समेत उल्लेख गर्नु पर्नेछ।

१०. बीमाशुल्कः (१) बीमकले बीमितबाट पूरा बीमाशुल्क प्राप्त नगरी लघुबीमालेख जारी गर्न पाइने छैन।

तर, नेपाल सरकार वा प्रदेश सरकार र सम्बन्धीत स्थानीय तहले बीमालेखमा अनुदान उपलब्ध गराएको रहेछ भने सो वरावरको रकम घटाई बाँकी बीमाशुल्क रकम लिई बीमा गर्न बाधा पुग्ने छैन।

(२) बीमालेखमा उल्लेख गरिएको बीमादर/गणनाको आधारमा बीमाशुल्क गणना गर्नुपर्नेछ।

(३) बीमालेख अनुसार गणना गर्दा आउने बीमाशुल्कमा कुनै पनि अतिरिक्त रकम थप गर्न पाइने छैन।

(४) एकपल्ट बीमालेख जारी भएपश्चात बीमा अवधिभरी बीमादर बढाउन वा घटाउन पाइने छैन।

११. छुट दिन नपाइनेः (१) लघुबीमालेखको बीमाशुल्कमा कुनै पनि प्रकारको छुट (डिस्काउन्ट), प्रदान गर्न वा बीमाशुल्क कटौति गर्न वा सहुलियत दिन पाइने छैन।

तर, बीमा अभिकर्ताको प्रयोग नगरी सिधै बीमालेख बिक्री (प्रत्यक्ष बीमा) गरिएको हकमा पाँच प्रतिशतका दरले हुन आउने रकम छुट प्रदान गर्न सकिनेछ।

परिच्छेद-३

लघुबीमा अभिकर्ता सम्बन्धी व्यवस्था

१२. लघुबीमा अभिकर्ताः (१) बीमकले प्रत्यक्ष वा लघुबीमा अभिकर्ता मार्फत लघुबीमा गराउन सक्नेछ।

(२) लघुबीमा सम्बन्धी कार्य गर्नको लागि अभिकर्ताको इजाजतपत्र लिएको हुनुपर्नेछ।

(३) लघुबीमा अभिकर्ताको प्रकारः-

(क) व्यक्तिगत लघुबीमा अभिकर्ता

(ख) सँस्थागत लघुबीमा अभिकर्ता

स्पष्टीकरणः "लघुबीमा अभिकर्ता" भन्नाले लघु बीमालेख बिक्री बितरण गर्न बीमकको तर्फबाट भूमिका निर्वाह गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनुपर्छ।

१३. व्यक्तिगत लघुबीमा अभिकर्ता: व्यक्तिगत लघुबीमा अभिकर्ताको योग्यता बीमा ऐनमा उल्लेख गरिए बमोजिम हुनेछ।

१४. सँस्थागत लघुबीमा अभिकर्ताः (१) देहायका सँस्थाले लघुबीमा अभिकर्ताको रूपमा कार्य गर्न सक्नेछन्:

(क) गैर सरकारी सँस्था

(ख) स्वावलम्वन समूह

(ग) लघुवित्त वित्तीय सँस्था

(घ) सहकारी सँस्था

(ङ) कानून बमोजिम दर्ता भएको अन्य संगठित सँस्था

(२) बीमकले उपनिर्देशन (१) बमोजिम सँस्थागत बीमा अभिकर्तालाई काममा लगाउनु अघि बीमकले त्यस्तो अभिकर्तासङ्ग सम्झौता गरेको हुनुपर्नेछ।

(३) बीमकले सँस्थागत लघुबीमा अभिकर्तासङ्ग सम्झौता गर्नु अघि उक्त सँस्थाको ख्याति, विगतको कारोवार, कार्य

क्षमता, निजसङ्ग सम्बन्धित कानूनको परिपालना आदिको अध्ययन गरी उपयुक्त ठहरिएमा मात्र सम्झौता गर्नु पर्नेछ ।

१५. लघुबीमा अभिकर्ताको काम, कर्तव्यः (१) बीमा ऐन, बीमा नियमावली तथा प्राधिकरणले समय समयमा दिएको आदेश निर्देशन तथा लघुबीमालेख समेतको अधिनमा रही लघुबीमा अभिकर्ताको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) बीमितलाई बीमकको तर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराउने,

(ख) लघुबीमा प्रस्ताव फाराम भराउने तथा प्रस्ताव फाराम संकलन गरी बीमक समक्ष बुझाउने ।

(ग) बीमितले प्रस्ताव फाराम तथा स्वास्थ्य सम्बन्धी विवरण सही साँचो उल्लेख गरेको कुरा स्वघोषणा गरी लिने र त्यसरी उल्लेख गरेका कुराहरू सहि भए नभएको यकिन गरी सहि साँचो भएमा आफूले समेत स्वघोषणा गर्ने ।

(घ) बीमितको आम्दानीको स्रोत उपयुक्त भए नभएको यकिन गर्ने ।

(ङ) बीमाशुल्क संकलन गरी बीमकलाई भुक्तानी गर्ने

(च) बीमितलाई लघुबीमालेख उपलब्ध गराउने,

(छ) आवश्यकता अनुसार बीमालेख नवीकरण गराउन आवश्यक सहयोग गर्ने,

(ज) बीमा दाबी पर्दाका बखत बीमितलाई दाबी भुक्तानी लिन सहयोग पुर्याउने ।

(झ) लघुबीमा सम्बन्धमा प्राधिकरणले तोकिदिएका अन्य कार्य गर्ने गराउने ।

१६. लघुबीमा अभिकर्ताको आचारसंहिता: लघुबीमा अभिकर्ताले प्राधिकरणबाट तोकिएको बीमा अभिकर्ताको आचारसंहिता पालना गर्नुपर्नेछ।

१७. लघुबीमा अभिकर्ताको कमिशनः लघुबीमा अभिकर्ताले जीवन बीमाको हकमा बीमा नियमावली बमोजिम र निर्जीवन बीमाको हकमा पाँच (५) प्रतिशत कमिशन प्राप्त गर्नेछ।

परिच्छेद-४

लघुबीमा व्यवसाय सम्बन्धी व्यवस्था

१८. जोखिमाङ्कनः (१) बीमकले लघुबीमा जोखिमाङ्कन नीति तयार गर्नु पर्नेछ।

(२) बीमकले जोखिमका सवै पक्षहरूलाई समेटी लघुबीमा जोखिमाङ्कन गर्नु पर्नेछ।

(३) बीमकले सँस्थागत बीमा अभिकर्तासङ्ग गरेको सम्झौतामा नै उल्लेख गरी निजलाई आंशिक बीमा जोखिमाङ्कन गर्न दिन सक्नेछ।

१९. सामूहिक लघुबीमाः (१) बीमकले सामूहिक लघुबीमालेख जारी गर्न सक्नेछ।

(२) निर्देशन (१) बमोजिम गरिएको सामूहिक लघुबीमामा आबद्ध प्रत्येक बीमितको नाम सूची संलग्न गरी बीमालेख धारकको नाममा जारी गर्नेछ।

(२) बीमकले बीमासङ्ग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी

बीमक आफैं वा बीमा अभिकर्ता मार्फत बीमालेख धारकसङ्ग आदान प्रदान गर्नु पर्नेछ ।

स्पष्टिकरणः बीमालेख धारक भन्नाले बीमालेख राख्ने व्यक्ति वा सँस्था बुझाँउछ र बीमालेख धारक बीमित भन्दा फरक व्यक्ति वा सँस्था समेत हुन सक्छ ।

(३) बीमालेख धारकले बीमितको संख्या परिवर्तन भएमा वा हेरफेर भएमा सोको जानकारी बीमकलाई गराई बीमाशुल्क अद्यावधिक गराउनु पर्नेछ ।

(४) बीमालेख धारकले बीमितको इच्छाइएको व्यक्ति वा हकवालाको विवरण सुरक्षित रूपमा बीमकले मागेको बेलामा दिन सक्ने गरी राख्नु पर्नेछ ।

२०. **लघुबीमाको सीमाः** (१) लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले देहाय बमोजिमको सीमाभित्र रही बीमा व्यवसाय गर्नु पर्नेछः-

क्र.सं	बीमाको किसिम	अधिकतम दायित्वको सिमा
१	घर, सम्पत्ति तथा व्यवसाय लघुबीमा	रू पचास (५०) लाख
२	मोटर लघुबीमा	ट्रेलर, ट्र्याक्टर, थ्रेसर, मोटर अन्तर्गत पर्ने कृषि उपकरण, मोटरसाइकल, ट्राइसाइकल, मोपेड, ट्र्याम्पु, रिक्सा, ठेलागाडा मात्र
३	इन्जिनियरिङ्ग लघुबीमा	रू पचास (५०) लाख

४	दायित्व तथा मौद्रिक क्षति लघुबीमा	रू पाँच (५) लाख
५	अन्य लघुबीमा	रू पाँच (५) लाख

(२) उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनी नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारद्वारा अनुदान तथा व्याज अनुदान प्राप्त कर्जाको बीमा कर्जाको सीमा सम्मको दायित्व रहने छ ।

(३) जीवन बीमा कम्पनीले पाँच (५) लाख रूपैंया भन्दा कम बीमाङ्क भएको जीवनको लघुबीमा गर्न सक्नेछ।

२१. सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्था: (१) यस निर्देशनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी भएको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ अनुसार विक्री गरिएका सवै बीमालेखहरू लघुबीमालेख हुनेछ ।

(२) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" बर्गका लघुवित्त वित्तीय सँस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७६ को दफा ३.२ बमोजिम कर्जा लिई सोही प्रयोजनको लागि लघुबीमा गर्दा सोही दफामा उल्लेख भएको प्रति ऋणी अधिकतम सीमा ननाघ्ने गरी लघुबीमाको बीमाङ्क कायम गर्नु पर्नेछ ।

२२. सहकार्यमा लघुबीमा जारी गर्न सक्ने: बीमकले टेलिकम, इन्टरनेट सेवा प्रदायक, भुक्तानी सेवा प्रदायक, स्टोर, होटल, रेष्टुरेन्ट लगायत आपूर्ति श्रृंखलामा आवद्ध संगठित सँस्थाहरूसँग सहकार्य गरी लघुबीमा जारी गर्न सक्नेछ ।

परिच्छेद-५

दाबी भुक्तानी

२३. दाबी भुक्तानीः (१) बीमकले आफु समक्ष परेको लघुबीमा दाबीको तत्काल छानबीन गरी दाबी भुक्तानी प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(२) बीमकले लघुबीमा दाबी सम्बन्धी आवश्यक कागजात प्राप्त भएको बढीमा एक्काइस दिन (२१) भित्र दायित्व यकिन गरी भुक्तानी गर्नु पर्नेछ ।

(३) निर्देशन (२) बमोजिम दाबी भुक्तानी गर्दा सामूहिक जमानीलाई आधार मानी दावी भुक्तानी गर्न सक्नेछ ।

(४) सामूहिक जमानीमा संलग्न व्यक्ति कम्तीमा पाँच जना हुनुपर्ने र प्रत्येक व्यक्तिको हस्ताक्षर, नाम, थर, ठेगाना, नागरिकता र सम्पर्क नम्बर समेत स्पष्ट खुलेको हुनुपर्नेछ ।

(५) निर्देशन (३) बमोजिम सामूहिक जमानीमा दावी भुक्तानी गर्दा बीमक र बीमित बीचको सम्झौता भए बमोजिमको बीमाङ्क रकम सम्मको दावी भुक्तानी लघुबीमा अभिकर्ता मार्फत भुक्तानी गर्न सक्नेछ।

(७) निर्देशन (२) बमोजिम दाबी भुक्तानी गर्नु नपर्ने भएमा स्पष्ट आधार र कारण खुलाई बीमितलाई पैंतीस दिन (३५) भित्र लिखित जानकारी दिनु पर्नेछ ।

(८) निर्देशन (७) बमोजिम दावी भुक्तानी गर्न नमिल्ने बीमालेखको हकमा के कति कारणले दावी भुक्तानी दिन नमिल्ने हो सो को

कारण सहित त्रैमासिक रूपमा प्राधिकरणमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(९) दाबी भुक्तानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्राधिकरणमा पैंतीस दिन (३५) भित्र लिखित रूपमा उजुरी गर्न सक्नेछ ।

२४. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातः दावी भुक्तानी प्रक्रियाको लागि बीमितले बीमक समक्ष देहाय बमोजिमका आवश्यक कागजातहरू पेश गर्नु पर्नेछः-

(१) पूर्ण रूपले भरिएको बीमा दाबी फाराम

(२) पूर्ण दाबीको हकमा बीमालेखको सक्कल प्रति तथा आंशिक दाबीको हकमा बीमालेखको छाँया प्रति

(३) बीमा गरिएको सम्पत्ति क्षति भएको प्रमाण

(४) आपराधिक घटना घटेको भए प्रहरी प्रतिवेदन

(५) बीमकले सर्भे गराएको भए सर्भे प्रतिवेदन

(६) सामूहिक जमानी गरिएको कागजात

(७) जीवन बीमाको हकमा नाता प्रमाणित पत्र तथा मृत्यु प्रमाणपत्र

परिच्छेद-६

विविध

२५. **तालिमः** बीमकले लघुबीमा सम्बन्धी कार्य गर्ने कर्मचारी तथा अभिकर्तालाई काममा लगाउनुपूर्व लघुबीमा सम्बन्धी तालिम सञ्चालन गर्नु पर्नेछ।

२६. **बाधा नपर्नेः** हाल लघुबीमा गरिरहेका बीमा कम्पनीहरूलाई लघुबीमा गर्न यस निर्देशनले बाधा पुर्याएको मानिने छैन।

२७. **बाधा अड्काउ र फुकाउः** यस निर्देशनको कार्यान्वयमा कुनै बाधा अड्चन आइपरेमा नेपाल बीमा प्रधिकरणले बाधा अड्काउ फुकाउन सक्नेछ।

२८. **खारेजी र बचाऊः** (१) लघुबीमा निर्देशिका, २०७६ खारेज गरिएको छ।

(२) लघुबीमा निर्देशिका, २०७६ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम गरेको मानिनेछ।

लघुबीमा (प्रथम संशोधन)निर्देशन, २०८०

स्वीकृत मिति: २०८०/०९/१८

प्रस्तावना: लघुबीमा सम्बन्धी निर्देशन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी निर्देशनहरुको नाम "लघुबीमा सम्बन्धी निर्देशन (प्रथम संशोधन) निर्देशन, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **लघुबीमा निर्देशन, २०७९ को दफा ११ मा संशोधन**: लघुबीमा निर्देशन, २०७९ को दफा ११ को प्रतिबन्धात्मक वाक्यांस हटाई देहायको उपदफा (२) थपिएको छ:-

"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राधिकरणले जारी गरेको निर्देशिका वा स्तरीकृत बीमालेख बमोजिम बीमा गर्दा सोही निर्देशिका वा बीमालेखमा उल्लेख भए बमोजिमको प्रत्यक्ष बीमा वापतको छुट प्रदान गर्न

सकिनेछ।"

३. **लघुबीमा निर्देशन, २०७९ को दफा २० मा संशोधन:** लघुबीमा निर्देशन, २०७९ को दफा २० को उपदफा (१) मा देहायको सवारी साधन थपिएको छ:-

(१) लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले देहाय बमोजिमको सीमाभित्र रही बीमा व्यवसाय गर्नु पर्नेछः

क्र.सं.	बीमाको किसिम	अधिकतम दायित्वको सिमा
२	(क) मोटर लघुबीमा	रु. ५० लाख
	(ख) मोटर तेस्रो पक्ष बीमा	मोटर बीमादर सम्बन्धी निर्देशिका,२०७३ बमोजिम

४. **लघुबीमा निर्देशन, २०७९ को दफा २० मा संशोधनः** लघुबीमा निर्देशन, २०७९ को दफा २० को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ:-

"उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि वैदेशिक रोजगार (म्यादी) जीवन बीमा व्यवसायका लागि बीमांकको सिमा प्राधिकरणले जारी गरेको स्तरीकृत वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख सम्बन्धी निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ।"

नोट

नोट

नोट

नोट

नोट

नोट

(नेपाल बीमा प्राधिकरण)
NEPAL INSURANCE AUTHORITY

पो.ब.नं.: २१७२, ललितपुर–१०, कुपण्डोल, नेपाल
फोनः ०१–५४२१०७९, ५४२८६०४
फ्याक्सः ०१–५४२०११९, टोल फ्रि नं.: १६६०–०१–५६७८९
इमेलः info@nia.gov.np, वेबसाइटः www.nia.gov.np